फोन.नः ०४८-५४०११२
०४८-५४०५९८

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली,रामेछाप

वागमति प्रदेश,नेपाल

च.नं. प.सं

हलुका सवारी चालक(ड्राईभिङ) तालिममा सहभागी हुनको लागि आवेदन पेश गर्ने सम्वन्धी सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मिति २०७७/०७/२१)

मन्थली नगरपालिकाको चालु आ.व. २०७७/७८ को महिला विकास तर्फको स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस नगरपालिका पालिका (वडा १ देखि १४) भित्रका १५ जना महिलाहरुको लागि निः शुल्क हलुका सवारी चालक (ड्राईभिङ )तालिम संञ्चालन गर्ने कार्यक्रम रहेकोले ड्राईभिङ पेशा गर्न इच्छुक देहायको योग्यता भएका महिलाहरुलाई देहायको कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन मिति २०७७/८/५ गते भित्र कार्यलय समयमा यस नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्नु हुन सूचित गरिन्छ ।

**क) आवश्यक योग्यता :**

१) कम्तिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

२) नेपाली नागरिक हुनुपर्ने ।

३) कम्तिमा आधारभूत तहको शिक्षा प्राप्त गरेको हुनुपर्ने ।

४) मन्थली नगरपालिका (वडा १ देखि १४) भित्र स्थाई वसोवास गरेको हुनुपर्ने ।

**ख) पेश गर्नु पर्ने कागजातहरु ,**

१, निवेदन ।

२.नगरिकताको प्रतिलिपि ।

३.कम्तिमा आधारभूत तह उतिर्ण प्रमाण पत्र ।

४.पासपोर्ट साईजको फोटो दुई प्रति ।

५.विवाह वा वसाई सराई गरी आएको भए उक्त प्रमाण पत्रको प्रतिलिपि ।

**ग) विपन्न ,असहाय , दलित ,एकल महिलालाई विशेष प्राथमिक्ता दिईने छ ।**

**घ) तालिम संञ्चालन मन्थलीमा वा काठमान्डौमा संञ्चालन गरिनेछ ,।**

**ङ) यस तालिम अवधिभर खानावासको व्यवस्था सहभागी आफैले गर्नु पर्ने छ ।**

थप जानकारीको लागि मन्थली नगरपालिकाको महिला बालबालिका तथा समाजकल्याण उपशाखा वा फोन नं ०४८-५४०११२ सम्पर्क राख्न सकिने छ ।

लिलाराज पौडेल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत